# आदर्श कोतवाल गाउँपालिकाको आ.व २०७५/०७६ को
# नीति तथा कार्यक्रमहरु

## १. आर्थिक विकास नीति

### १.१ कृषि तथा पशु तर्फ

- परम्परागत निर्वाहमुखी खेति प्रणालीलाई व्यवसायिक कृषि तर्फ उन्मुख गरिनेछ।
- अर्ग्यानिक खेति कार्यक्रममा आवश्यक सहयोग गर्दै यस गाउँपालिकामा युवा स-रोजगार कार्यक्रम संचालन गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।
- कृषि सहकारितालाई प्रोत्साहन गर्दै उत्पादकत्व वृद्धि गर्न सबैखाले सहयोग गरिनेछ।
- गाउँपालिका भित्र उत्कृष्ट कृषि फार्म निर्माणका लागी फार्म मार्फत खेति गर्ने उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ।
- कृषि तथा पशुपन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- स्थानीय सहकारी बोर्डको स्थापना गरिनेछ।
- माछापालनको लागि अत्याधिक सम्भावित क्षेत्रहरुको पहिचान गरी माछा जोनको रुपमा विकास गर्नका लागि आधुनिक माछापालन प्रविधि, माछाको स्वास्थ्यप्रद दाना उत्पादन, माछाको नशल सुधार, माछा संकलन, ढुवानी, भण्डारण तथा आधुनिक बजार विकासको लागि आवश्यक पहल गरिनेछ।

### १.२ उधोग तथा वाणिज्य तर्फ

- आय आर्जन वृद्धिका लागी सिप विकास तालिमको अवसर जुटाई उधमशिलता विकासमा जोड दिने छ।
- सस्तो, सुलभ तथा सुपथ बजार व्यवस्थापनका लागी अनुगमनलाई व्यवस्थित बनाईनेछ।
- साझेदार संस्था तथा वैदेशिक संघ संस्थाबाट सहायता लिदा गाउँपालिकाले पहिचान गरेको प्राथमिकतालाई आधार मानी उक्त सहयोगलाई गाउँपालिकाको एकमुष्ट बजेटमा समावेश गरी सम्बन्धित क्षेत्रमानै सहयोग खर्च गर्ने नीति अवलम्बन गरिने छ।
- गाउँपालिका क्षेत्र भित्र संचालन हुने विभिन्न खालका उधम व्यवसायहरुको दर्ता तथा नियमन गरिने छ।

### १.३ पर्यटन तर्फ

- पर्यटन प्रवर्धनको लागी गाउँपालिका क्षेत्र भित्रका प्रमुख पर्यटकीय स्थलहरुको खोजि गरी पूर्वाधारको विकास गरिने छ।
- यस गाउँपालिका भित्र रहेका सबै मठ, मन्दिर तथा मस्जिदहरुको अभिलेख तयार गरी संरक्षण तथा सुधारका कार्यक्रमहरु संचालन गरिने छ।
- यस गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको विकास गर्न हरियाली पार्क निर्माण तथा बालबालिका मैत्री पार्क निर्माणको अध्ययन गरि निर्माण कार्यको थालनी गरिने छ।

### १.४ सहकारी गरिबी न्यूनीकरण तथा उधमशिलता विकास तर्फ

- गरिबीको रेखा मुनि रहेका स्थानीयहरुको पहिचान गरी नेपाल सरकार, प्रदेश सरकार, सहकारी संस्था, गैर सरकारी संघ-संस्थाहरुको समन्वय र साझेदारीमा आयमूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरिने छ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवम सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ।

## २. सामाजिक विकास नीति

### २.१ शिक्षा तर्फ

- गाउँपालिका स्तरीय शिक्षा समिति गठन गरिनेछ।
- गाउँपालिका भित्र रहेका विभिन्न स्कूलहरुको भौतिक पूर्वाधार निर्माणमा विशेष ध्यान दिईनेछ।
- राष्ट्रिय शाक्षारता अभियानलाई उपलब्धिमूलक बनाउन जिल्लाका निकाय तथा गैर सरकारी संघ-संस्थाहरु सँग समन्वय तथा सहकार्य गर्दै अनुगमन, मूल्यांकन पद्धतिलाई ब्यवस्थित तुल्याईनेछ।
- गाउँपालिका शिक्षा, ऐन नियम र योजनाको तर्जुमा गरी कार्यविधि र मापदण्ड समेत निर्माण गरिनेछ।
- मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान लाई अझ सशक्त ढंगले अगाडि बढाउन सम्बन्धित सरोकारवाला हरुसँग समन्वय र सहकार्य गरिनेछ।

### २.२ स्वास्थ्य तर्फ

- स्वास्थ्य क्षेत्रमा क्रियाशील संघ-संस्थाहरु बिचको समन्वयलाई सुदृढ तुल्याई सामुदायिक उपचार केन्द्र जस्ता संस्थालाई क्रियाशील बनाउन आवश्यक सहयोगको व्यवस्था मिलाईनेछ।
- आयुर्वेद चिकित्सा प्रणालीको विकासको लागी सहयोगको व्यवस्था मिलाईनेछ।
- "योग गरौ स्वस्थ बनौ" भन्ने भावना जागरण गराउन अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।
- बहुक्षेत्रीय पोषण योजनालाई सशक्त रुपमा कार्यन्वयन गरी पौष्टिक खाना खाने बानी बसाई कुपोषणलाई न्यून गरिने कार्यक्रम संचालन गरिनेछ।
- वडा नं. १, ६ र ७ मा बरथिंग सेन्टर निर्माण तथा संचालन कार्यमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरिनेछ।

### २.३ खानेपानी तथा सरसफाई तर्फ

- "खुला दिशालाई विदाबारी, पूर्ण सरसफाईको यात्रा जारी" भन्ने मूल नाराका साथ यस आदर्श कोतवाल गाउँपालिकालाई यसै वर्ष खुला दिशामुक्त गाउँपालिका घोषणा गरी पूर्ण सरसफाईको नमुना गाउँपालिकाको रुपमा विकास गरिनेछ।
- "एक घर एक चर्पी, एक घर एक फलफुल विरुवा" कार्यक्रम संचालन गरिनेछ।
- ढल, नाला तथा ल्याण्डफिल्ड साईट व्यवस्थापनमा आवश्यक पहल गरिनेछ।

## २.४ खेलकूद तर्फ

- सबै वडामा कम्तिमा एक खेल मैदानको विकास गरी क्रिकेट, फुटबल जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँपालिका स्तरीय "मेयर कप" टुर्नामेन्टको आयोजना गरि यसलाई निरन्तरता दिईनेछ ।
- राष्ट्रिय तथा अन्तरास्ट्रिय स्तरका खेलकुदमा भाग लिने गाउँपालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईनेछ ।

## २.५ समावेशीकरण, गरिबी निवारण तथा कला संस्कृति तर्फ

- बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र जेष्ठ नागरिकको सेवा केन्द्र स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।
- युवालाई तालिम दिन उधमशिलता विकास कोष स्थापना गरी साझेदारीहरु समेतको सहभागितामा उधम विकास कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकालाई बालमैत्री, पूर्ण खोप, पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।
- सरकारी सेवामा प्रवेशका लागी जनशक्ति तयार गर्न लोकसेवा तयारी कक्षा संचालन गरिनेछ ।

## ३. पूर्वाधार विकास नीति

## ३.१ सडक तथा पुल तर्फ

- गाउँपालिका क्षेत्र भित्रका 'क' वर्गका हुलाकी राजमार्गसँग छुने प्रमुख सडकहरु ३०- २५ फिट, 'ख' वर्गका मुख्य कृषि तथा शाखा सडकहरु २५-२० फिट र 'ग' वर्गका गाउँका सडक तथा शाखा सडकहरु १५-१३ फिट र पुराना बस्तीहरुका साँघुरा सडकहरुलाई समेत कम्तिमा १३ फिट वा सो भन्दा नक्सामा बढी भएका सडकहरुलाई नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मतका स्वीकृत आयोजनाहरु संचालन गरिनेछ ।
- भौतिक पूर्वाधार खडा गर्दा बाल, महिला, अपांग र वातावरणमैत्री संरचनामा समेत जोड दिईनेछ ।
- एकीकृत नमुना बस्तीको विकासलाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।

## ३.२ भवन तथा सहरी विकास तर्फ

- स्थानीय तहको विकास निर्माणको लागी प्रयोग हुने सबै बस्तु तथा सेवको दर रेट कायम गरि लागु गरिनेछ ।
- विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थको गाउँपालिका स्तरीय मापदण्ड तोकी सोहि बमोजिम मात्र प्रयोगमा लायाई पूर्वाधार विकासको गुणस्तर कायम गरिनेछ ।
- सडक लगायत संरचनाहरुको आकस्मिक मर्मत सम्भारका लागी मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।
- तीन लाख भन्दा माथिका योजना तथा कार्यक्रम संचालन गर्दा योजना स्थलमा योजना सम्बन्धि जानकारी मूलक सूचना पाटि राख्न लगाईनेछ ।
- खोला-नाला, सार्वजनिक ऐलानी पर्ती जग्गाको अभिलेख राखी सार्वजनिक हितमा प्रयोग गरिनेछ ।

### ३.३ विधुत तथा वैकल्पिक उर्जा तर्फ

- यस गाउँपालिकालाई वैकल्पिक उर्जाको रुपमा विकास गर्न यथोचित नीति तथा कार्यक्रमलाई प्रोत्साहन दिईनेछ।
- विधुतको नियमित आपूर्ति व्यवस्थाका लागी संघीय सरकार, प्रान्तीय सरकारसँग समन्वय गरिनेछ।

## ४. वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरु

### ४.१ वन, वातावरण तथा जलवायु परिवर्तन तर्फ

- "ग्रीन गाउँपालिका, क्लीन गाउँपालिका" अवधारणा अनुरुप मुख्य सडक तथा सहायक सडकको दायाँ-बायाँ छेउमा वृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिनेछ।
- वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिईनेछ।
- हरित सडक, हरित नगर, हरित ग्राम, हरित पोखरी, हरित मन्दिर, हरित नहर अभियानमा संलग्न हुने सामाजिक संघसंस्था तथा नागरिक समाज लाई विरुवा र सुरक्षण सामाग्री आदि उपलब्ध गराइने छ तथा वित्तिय तथा व्यवसायिक संस्था उद्योगलाई प्रोत्साहन गरिने छ।

### ४.२ विपद व्यवस्थापन तथा भू-संरक्षण तर्फ

- गाउँपालिका स्तरीय विपद ब्यस्वस्थापन कोष स्थापना गरी आवश्यक रकमको व्यवस्था गरिनेछ।
- डुबान, कटान तथा भु-क्षय नियन्त्रणका लागी कार्यक्रम संचालन गरिनेछ।
- विभिन्न प्राकृतिक प्रकोपबाट ग्रसित स्थानीय बासीलाई तत्काल राहतका लागी रकम तथा सामाग्री उपलब्ध गराईनेछ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति तथा कार्यक्रमहरु

- गाउँपालिकाका पदाधिकारी र कार्यरत कर्मचारीहरुलाई कार्यबोझको आधारमा मापदण्ड निर्धारण गरी प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा संचालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समिक्षा गर्ने आवश्यक समन्यात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण मार्फत सुशासन अभिबृद्धिमा जोड दिईनेछ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास, अभिबृद्धि र प्रोत्साहनका लागी प्रतिफलयुक्त तालिम तथा अवलोकन भ्रमणको व्यवस्था गरिनेछ।
- गाउँपालिकाका सम्पूर्ण सेवालाई महिला, बाल, युवा तथा अपांगमैत्री बनाउन प्रयत्न गरिनेछ।
- गाउँपालिकाका सबै सूचनाहरु वेबसाइट, मोबाइल अप्लिकेसन, सामाजिक संजाल पेज, रेडियो तथा पत्रपत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गरिने व्यवस्था मिलाईनेछ।

## ६. वित्तिय व्यवस्थापन तथा सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरु

- विगतमा गाउँपालिकाले प्रक्षेपण गरे अनुसारको राजस्व उठाउन नसकेको सन्दर्भमा राजस्व सम्बन्धमा विस्तृत अध्ययन गरी करको दायरालाई अभिबृद्धि गरिनेछ ।
- गाउँपालिकामा करको दायरामा आउन नसकेका र लयाउन नसकिएका व्यवसायी तथा गाउँपालिका बासीहरुको पहिचान गरी दायरामा लयाउन प्रयत्न गरिनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गर्न खर्चलाई नतिजासँग आबद्ध गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।
- कर सचेतना सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।